आज मिति २०८० जेठ १४ गते आईतबारको दिन दार्मा गाउँपालिका आ.व. २०७९/८० को १८ औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री जय प्रकाश वि.क. | का.स. |

**प्रस्तावहरू**

१. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना छनौट तथा सिफारिस सम्बन्धमा।

२. गाउँपालिकाको मेशिन (ब्याकह्वो लोडर) प्रयोग सम्बन्धमा।

३. नविकरणीय उर्जा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

४. बार्षिक नीति तथा कार्यक्रम र बजेटको लागि सुझाब संकलन कार्यक्रम सम्बन्धमा।

५. लम्फी स्कीन महामारी सम्बन्धमा।

६. गाउँपालिकाको भित्तेपात्रो प्रकाशन र वितरण सम्बन्धमा।

७. शिक्षा समितिको प्रस्ताव सम्बन्धमा।

८. वडा कार्यालयहरुको जग्गा प्राप्ती सम्बन्धमा।

९. इलाका प्रहरी कार्यालय फारुलाको लागि जग्गा भोगाधिकार सहमति दिने सम्बन्धमा।

१०. इलाका प्रहरी कार्यालय फारुलाको कार्यालय व्यवस्थापन खर्च सम्बन्धमा।

११. औषधि उपचार खर्च सम्बन्धमा।

१२. विविध सम्बन्धमा।

**निर्णय नं. १**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय वीरेन्द्रनगर सुर्खेतको चलानी नम्बर १६६९, मिति २०८०/०२/०५ को पत्रअनुसार आर्थिक वर्ष २०८०/०८१ मा कार्यान्वयन गरीने आयोजना अन्तर्गत वडाबासीको आमभेलाबाट माग भएका आयोजना मध्ये वडा समितिको निर्णय वाट प्राथमिकीकरण भई वडा समितिको निर्णय र पत्र सहित पालिकामा प्राप्त भएका अनुसूची १ बमोजिमका आयोजनाहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय वीरेन्द्रनगर सुर्खेतमा सिफारिस गर्ने।

**निर्णय नं २**

दार्मा गाउँपालिका भित्र कुनै समुदायले सार्वजनिक कामको लागि आफैले इन्धन वेहोर्ने गरी गाउँपालिकाको मेशिन (ब्याकह्लो लोडर) माग गरेमा प्राथमिकताको आधारमा निशुल्क मेशिन प्रयोग गर्न अनुमति दिने र सरकारी रकमबाट कार्यान्वयन हुने आयोजना तथा उपभोक्ता समिति र व्यक्तिले आफ्नो निजि कामको लागि मेशिन माग गरेमा तोकिएको राजश्व लिई मेशिन प्रयोग गर्न गराउन अनुमति दिने।

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम जोशी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ३**

चालु आ.व. को शशर्त अनुदान अन्तरगत नविकरणीय उर्जा कार्यक्रमबाट सोलार खरिद गरी तपसिलको प्राथमिकताको आधारमा तपसिलका स्थानहरुमा जडान गर्ने ।

तपसिल

१. भ्याक्सिन भण्डारण गर्ने फ्रिजको लागि

२. आधारभूत स्वास्थ्यचौकी मलेअग्रै

३. स्वास्थ्य इकाई कागुनोहाल्ने

४. स्वास्थ्यचौकी झ्यारीवाङ

५. आधारभूत स्वास्थ्य चौकी ज्यामिरेचौर

६. दार्माकोट स्वास्थ्यचौकी

७. वडा नं १ को कार्यालय

८. जनज्योती मा.वि. फारुलाचौर

९. नवसर्वसाधारण मा.वि. रातामाटा

**निर्णय नं ४**

आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेटको सन्दर्भमा सुझाब लिनको लागि सरोकारवालाहरु सँगको अन्तरक्रिया कार्यक्रम तपसिल बमोजिम आयोजना गर्ने । उक्त कार्यक्रममा हालसम्मको प्रगती तथा आगामी

मिति : २०८० साल जेठ २६ गते

**सहभागीहरु**

बर्तमान तथा पूर्वजनप्रतिनिधि सबै, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, कर्मचारी शाखा प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखहरु, विद्यालयका प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधि लगायत सरोकारवालाहरु सबै ।

**निर्णय नं ५**

वर्तमान समयमा पशुहरुमा देखीएको लम्फी स्कीन महामारी रोकथाम र उपचारमा पशु सेवा प्राविधिकहरुले पुर्याएको योगदानको उच्च मुल्यांकन गर्दै धन्यवाद प्रकट गर्ने र केही आकस्मिक औषधि खरिद गर्न सामाजिक विकास समितिको प्रस्तावलाई स्वीकृत गर्ने ।

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ६**

दशबर्षे जनयुद्दमा सल्यान जिल्लाबाट शहादत प्राप्त गर्ने शहिदहरुको फोटो सहितको विवरण समेटेर दार्मा गाउँपालिकाले बर्ष २०८० को भित्तेपात्रो प्रकाशन गर्ने र सल्यान जिल्लाका सबै पालिका, जिल्ला स्थित सरकारी कार्यालय, शहिद परिवार तथा दार्मा गाउँपालिका बासीलाई निशुल्क वितरण गर्ने ।

**निर्णय नं. ७**

शिक्षा समितिको तपसिलका प्रस्ताव र उपर छलफ गर्दा बैसाख देखी असार सम्मको स्वंमसेवक शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक रकम रु. १ करोड ३ लाख अपुग अन्तिम किस्ता वापतको समानीकरण अनुदान रकम ५० प्रतिशतले घटेर प्राप्त भएकोले उक्त रकम गाउँपालिकाले वेहोर्न नसक्ने ।

**निर्णय नं. ८**

(क) वडा नं १ वडाकार्यालयको लागि जग्गा खरिद सम्बन्धी सूचना आह्वान भई तपसिलका व्यक्तिहरुले तपसिलका जग्गाहरु दार्मा गाउँपालिकालाई रजिष्ट्रेसन पास दिन निवेदन पेश गरेकोले उक्त जग्गाहरु सरकारी मुल्यमा खरिद गरी गाउँपालिकाको नाममा रजिष्ट्रेसन पास लिन जिल्ला स्थित सरकारी जग्गा प्राप्ति समिति समक्ष सिफारिस गर्ने

तपसिल

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

(ख) वडा नं ६ र वडा नं २ को वडा कार्यालयको भवन निर्माण गर्न आवश्यक मापदण्ड अनुसारको जग्गा गाउँपालिकालाई सरकारी दरमा रजिष्ट्रेसन पास दिन इच्छुक जग्गादाताको लागि १५ दिने

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित
रेशम जोशी
प्रमुख प्रशासकीय अधिकृत

सार्वजनिक सूचना आह्वान गर्ने र जग्गा प्राप्ति सम्बन्धी सबै सहजिकरण गर्नको लागि वडा नं ६ र वडा नं २ को कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं ९**

जिल्ला समन्वय समिति सल्यानको नाममा दर्ता श्रेस्ता रहेका र दार्मा गाउँपालिको नाममा भोगाधिकार रहेका तपसिलका जग्गाहरु इलाका प्रहरी कार्यालय फारुलाको भवन निर्माणको लागि भोगाधिकार सहमति माग भई आएकोले माग बमोजिम भोगाधिकार दिन समन्वय समितिलाई सहमति दिने ।

तपसिल

| सि.नं | जग्गाधनीको नाथर | कि.नं | ज.वि. | कैफियत |
|---|---|---|---|---|
| १ | साविक भल्चौर १ | १४०७ | २-०-०-० | |
| २ | साविक भल्चौर १ | ११० | १-१-०-० | |
| ३ | साविक भल्चौर १ | १४०५ | ३-५-०-२ | |
| | | | | |

**निर्णय नं १०**

ईलाका प्रहरी कार्यालय फारुलाबाट गाडिको लागि मासिक ७० लिटर डिजेल, १५ लिटर पेट्रोल र गाडि मर्मत खर्च माग भई आएकोले गाउँपालिकाको आन्तरिक आम्दानी, प्रशासनिक खर्च हेरेर आगामी गाउँसभामा पेश गर्ने ।

**निर्णय नं १३**

दार्मा गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७ को उल्लेखित दफा बमोजिम तपसिलका नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. स. | सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | कार्यविधिको सम्बन्धित दफा | पहिचान भएको समस्या | आर्थिक सहयायता रकम |
|---|---|---|---|---|---|
| | | | | | |

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत